यस व्यास नगरपालिकाको १७० औं बैठक आज मिति २०८०/४/२३ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| नगर उपप्रमुख | श्री इन्दिरा दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री रमेशचन्द्र हड्खले | उपस्थिति |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थिति |
| वडाध्यक्ष वडा नं.३ | श्री अनुप राना | उपस्थिति |
| वडाध्यक्ष वडा नं.४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री जीवन गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री युवराज गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री खेमराज पोखेल | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री दलबहादुर दुरा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री बमबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री बसन्तबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री किस्ना दुरा गुरुङ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री निला घिमिरे | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री रनसिं नेपाली | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री कमलादेवी घर्ती | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री गंगालाल सुवेदी | उपस्थित |
| का.वा.अध्यक्ष व्यास १० | श्री इश्वर पौडेल | उपस्थित |
| अधिकृत सातौं | श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: २०८०/४/७ को कार्यपालिका बैठकको निर्णयहरुको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२ : विधायन समितिबाट पेश भएका विभिन्न कार्यविधि पारित एवं संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.३ आ.व.२०८०/०८१ को बजेट सार्वजनिकीकरण गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.४: विश्व आदिवासी दिवसमा सार्वजनिक बिदा दिने सम्बन्धमा ।
प्रस्ताव नं.५: कक्षा ११ मा अध्ययनरत विद्यार्थीलाई छात्रबृत्ति दिने सम्बन्धमा ।
प्रस्ताव नं.६: आ.व. २०७४/०७५ देखि २०७९/०८० सम्म नगरपालिकाबाट सम्पन्न योजनाहरुको पुनरावलोकन (Review) गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.७: संघ, प्रदेश एवं आन्तरिक बजेटका ठूला योजनाहरुको टेण्डर गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.८: व्यास ५ मानुङको विकासमा नीजिक्षेत्रसँग LOI माग गर्न अध्ययन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.९: कलेस्ती, रिस्तीखोलाको प्राकृतिक श्रोत उत्खनन् गर्न प्रारम्भिक वातावरणीय अध्ययन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१०: भूमिहिन, सुकुम्बासी र अव्यवस्थित जग्गा नापी प्रकृया अघि बढाउने सम्बन्धमा ।
प्रस्ताव नं.११: व्यास नगरपालिकाभित्र अटो रिक्सा सञ्चालन, व्यवस्थापन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१२: स्वास्थ्य संस्थाहरुको दर्ता, नवीकरण सम्बन्धमा ।
प्रस्ताव नं.१३: सामी परियोजना अन्तर्गत वडा छनौट सम्बन्धमा ।
प्रस्ताव नं.१४: व्यास नगरपालिका महिलाहरुलाई खाना पकाउँदा विद्युतीय उपकरण प्रयोग तालिम सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.१५: 'घ' वर्गको निर्माण व्यवसायी लाइसेन्स नवीकरण गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१६: निकासीमा वातावरण शुल्क असुली व्यवस्था गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१७: घर बहालकर उठाउने अभियान सञ्चालन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१८: लागु औषध नियन्त्रण सम्बन्धी सरोकारवालाहरुसँग समन्वय गरी अभियान सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.१९: नगरपालिकाको घर पसलमा भाडामा बस्ने बैंक पसलधनीहरुलाई नवीकरण गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२०: सफा सडकसँग जोडिएका मुलगेटदेखि उत्तर-पूर्व तर्फका घर पसल भत्काउने सम्बन्धमा ।
प्रस्ताव नं.२१: स्वयंसेवक शिक्षक व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.२२: विपदजन्य घटनाहरुमा तत्काल सम्बोधन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२३: पृथ्वी राजमार्ग क्षेत्रको अधिकार क्षेत्रभित्र निर्माण कार्यमा सहयोग पुर्‍याउने सम्बन्धमा ।
प्रस्ताव नं.२४: कृषि तथा पशुपंक्षी विकास मन्त्रालय र वन तथा वातावरण मन्त्रालयसँग योजना माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२५: TB Free कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२६: ठेक्का सम्झौता रद्द गर्ने सम्बन्धमा

**निर्णयहरु :**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८०/४/७ को बैठकका निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका लोक कल्याणकारी विज्ञापन वितरण सम्बन्धी कार्यविधि, २०८०, महिलासँग उपप्रमुख कार्यक्रम सहयोग वितरण सम्बन्धी कार्यविधि, २०८०, व्यास नगर करार सेवा कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८० पारित गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८०/०८१ को बजेट तथा कार्यक्रम नगरपालिकाको website मा राखी र पुस्तिका प्रकाशन गरी सार्वजनिकीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा विश्व आदिवासी दिवस, ९ अगष्ट (श्रावण २४, २०८०) को अवसरमा व्यास नगरपालिका र अन्तर्गतका अत्यावश्यक सेवा बाहेकका कार्यालयहरुमा सार्वजनिक बिदा दिने निर्णय गरियो । साथै कार्यक्रम सञ्चालनका लागि सम्बन्धित शीर्षकबाट खर्च हुने गरी रू.१,००,०००। (एक लाख) सहयोग गर्ने निर्णय समेत गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा नगरपालिका क्षेत्रभित्र रहेका विद्यालयहरुमा नियमानुसार उपलब्ध गराउनु पर्ने छात्रबृत्ति वितरणका लागि विद्यार्थी भर्नाका आधारमा १०% कोटाको विवरण ७ (सात) दिनभित्र माग गरी परीक्षा सञ्चालन गरी छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा यस पालिकाको निर्वाचन भएको २०७४ सालदेखि २०८० आषाढ मसान्तसम्म नगरपालिकामा भए गरेका विकास निर्माण लगायतका विविध पक्षहरुको एकीकृत विकास परियोजना (IUDP) सँग तुलनात्मक अध्ययन गरी कार्यालय कै जनशक्तिबाट पुनरावलोकन गरी ०८० असोजभित्र प्रतिवेदन पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको बार्षिक कार्यक्रम अनुसार नगरपालिका, प्रदेश र संघको बजेटको योजनाहरु र वडा भवन निर्माण, कोल्डस्टोर निर्माण, सडक, पुल आदि टेण्डर प्रक्रियामा जाने योजनाहरु मिति २०८० भाद्र महिना भित्रमा खरिद ऐन नियम अनुसार टेण्डर सूचना गरिसक्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको वडा नं.५ मा रहेको पर्यटकीय स्थल मानहुँकोटको थप पर्यटकीय प्रवर्द्धन गर्नका लागि Letter of Intention (LOI) आव्हान गर्न आवश्यक कानूनी पक्षको अध्ययन गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा रिस्ती खोला र कलेस्ती खोलाको ढुङ्गा लगायत प्राकृतिक श्रोत प्राप्ति गर्नका लागि प्रारम्भिक वातावरणीय परिक्षण गराउने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाभित्र भूमि आयोग मार्फत जग्गा नापजाँप गर्ने कार्यको थालनी २०८० भाद्र पहिलो हप्तादेखि नै वडा नं.१४ बाट गर्ने र सो पश्चात् क्रमशः वडा नं.१३, १२ हुँदै १ नं. वडा क्षेत्रमा कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा नगर क्षेत्रमा व्यास नगरपालिकाले स्वीकृति दिएको ३० वटा अटो रिक्सा सञ्चालनमा रहेको र पछि बिना स्वीकृति १५ वटा अटो रिक्सा सञ्चालनमा रहेको पाइयो । अटो रिक्साको भाडादर, संख्या र रुटको विषयमा विवाद सृजना भएको हुँदा व्यास नगरपालिका सवारी तथा यातायात व्यवस्थापन ऐन एवं कार्यविधि बमोजिम उपप्रमुखज्यूको अध्यक्षतामा गठित समिति मार्फत समाधानका उपाय खोजी गरी पेश गर्न समितिको बैठकमा वडा नं.१ देखि ५ सम्मका वडा अध्यक्षज्यूहरु र ट्राफिक प्रहरीलाई आमन्त्रित सदस्यको रुपमा समावेश गरी बैठकको निर्णय गर्न गराउन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा नगरपालिकाको क्षेत्राधिकार र नियमन गर्न पर्ने निजी स्वास्थ्य संस्थाहरुको नियमानुसार नयाँ दर्ता तथा नवीकरण गर्ने कार्य गर्न स्वास्थ्य शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्न यस आ.व. का लागि यस नगरपालिकाको वडा नं.४ र वडा नं.६ लाई छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा उर्जा र वातावरणको लागि महिला सञ्जाल, नेपाललाई व्यास नगर क्षेत्रभित्र "नेपालमा खाना पकाउने विद्युतीय माध्यमको द्रुत अवलम्बनका लागि महिला लक्षित सचेतना कार्यक्रम" सञ्चालन गर्न अनुमति दिने र कार्यक्रम सञ्चालन गर्दा वडा कार्यालयसँग अनिवार्य समन्वय गर्न एवं वडाले सहयोग समेत गरी अनुगमन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१५:</u>** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाबाट 'घ' वर्गको निर्माण व्यवसायीको इजाजत प्रदान भएका रचिता कन्स्ट्रक्सन- व्यास २ र मोनिका कन्स्ट्रक्सन -व्यास २ ले तोकेको समयमा नवीकरण नगरेको र हाल नवीकरण गरी पाउँ भनी निवेदन पेश गरेकोले नियमानुसार जरिवाना लिई नियमानुसार नवीकरण गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१६:</u>** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा वातावरण शुल्कको निकासी करको ठेक्का प्रक्रियामा लगिएकोमा पहिलो पटक ठेक्का नपरेको र पुनः टेण्डर गरिएको हुँदा टेण्डर नपरेकाले हालको लागि नगर प्रहरी/कर्मचारीहरुबाट कर संकलन गर्ने र छिर्कनको पोष्टमा राती समेत कर्मचारी खटाउने निर्णय गरियो ।

**<u>निर्णय नं.१७:</u>** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा नगर क्षेत्रमा भाडामा लगाइएको घरको नियमानुसार बहाल कर लिने सन्दर्भमा बजार क्षेत्रका भाडामा रहेका घर/कोठाको लगत लिने र घर बहाल कर असुलीका लागि सम्बन्धित वडासँग समन्वय गरी कार्य अघि बढाउने निर्णय गरियो ।

**<u>निर्णय नं.१८:</u>** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल नगरको शहरी क्षेत्रमा लागू औषध, दुर्व्यसनीहरु बढ्दै गएको विवरण प्राप्त भएको एवं अस्वाभाविक गतिविधिहरु गरेको पाइएकोले जिल्ला प्रहरी कार्यालय, तनहुँ, सामुदायिक तथा संस्थागत विद्यालयहरु, टोल विकास संस्था, स्वास्थ्य कार्यालय तनहुँ, यस नगरपालिका र सरोकारवाला पक्षहरु समेतको संलग्नतामा दुर्व्यसन नियन्त्रण सम्बन्धी नगरस्तरीय अभियान सञ्चालन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१९:</u>** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा नगरपालिकाको स्वामित्वमा रहेका भवनहरुमा भाडामा बस्ने बैंक, वित्तीय संस्था, पसल कवलहरुको भाडा रकमका सम्बन्धमा आर्थिक मन्दिका कारण आ.व.२०८०/०८१ एक आर्थिक वर्षको मात्र भाडा रकम नबढ्ने गरी हरेक २/२ वर्षमा १० प्रतिशत बढ्ने गरी ५ वर्षको लागि नवीकरण गरी सम्झौता गर्ने निर्णय गरियो । साथै नवीकरण गर्न नचाहने बैंक वा पसलधनीहरुको खाली गराई नियमानुसार टेण्डर गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.२०:</u>** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको कार्यालय परिशरको पृथ्वी राजमार्गतर्फको जग्गामा नयाँ बुउद्देश्यीय भवन निर्माण गर्नका लागि नगर विकास कोषसँग सम्झैता भइसकेको हुँदा ट्राफिक चोकदेखि नगरपालिकाको गेटसम्मको पुरानो भवन भत्काउनुपर्ने भएकोले तहाँ सटरमा रहेका पसलहरु हटाउनुपर्ने हुँदा २०८० साल श्रावण महिनाको भाडा मिनाहा गरी कोठा खाली गर्न र नयाँ बन्ने भवनमा हाल पसलकवल छाड्नेहरुले बस्न चाहेमा नियमानुसार प्राथमिकतामा राखी सहयोग गर्ने समेत निर्णय गरियो ।

**<u>निर्णय नं.२१:</u>** प्रस्ताव नं. २१ का सम्बन्धमा छलफल हुँदा नगरपालिकाले ३५ जना स्वयंसेवक शिक्षकहरु विद्यार्थी संख्या, शिक्षक दरबन्दी आदिका आधारमा खटाइएकोमा शिक्षा तथा सामाजिक विकास शाखा मार्फत सम्बन्धित विद्यालयमा नियमानुसार कोटा वितरण गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.२२:</u>** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा अधिक वर्षाका कारण वडाका मुख्य तथा सहायक मार्गहरुमा पहिरोको कारण आवत-जावतमा समस्या परेको अवस्थामा सम्बन्धित वडा प्राविधिक कर्मचारीहरु खटाई तत्काल बाटो खुलाउने कार्य गर्ने, घर जोखिममा परेको अवस्थामा आवश्यक सहयोग वा टेन्ट उपलब्ध गराउनु पर्ने भए सोको समेत व्यवस्था गर्ने निर्णय गरियो । वडाबाट गरिने विपदजन्य कार्यमा वडा विपद समितिको बैठक बसी आवश्यक निर्णय गरी पेश गर्न समेत निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं.२३:</u>** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा काठमाण्डौं पोखरा अन्तर्गत पृथ्वी राजमार्गको आँबुखैरेनी पोखरा सडक क्षेत्रको व्यास नगरपालिका भित्र सडक केन्द्र विन्दुबाट दायाँ-बायाँ २५ मिटर सडक क्षेत्र भई लगत कट्टा समेत भइसकेकोले सो सडक क्षेत्रभित्र क्षतिपूर्ति समेत उपलब्ध गराई घरटहरा समेतको संरचनाहरु हटाई सडक निर्माण कार्य अघि बढाउन आयोजनाले सूचना प्रकाशित गरेकोमा सो कार्यमा सहयोग पुऱ्याउनु हुन सम्बन्धित घर जग्गाधनीहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा संघीय कृषि तथा पशुपंछी मन्त्रालयसँग लसुन खेती र संघीय वन तथा वातावरण मन्त्रालयसँग नदी खोला बगरको जमिनमा र बाँझो जमिनमा बाँस खेती लगाउन रू.५०,००,०००। (पचास लाख) रू.५०,००,०००। (पचास लाख) माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा संघीय स्वास्थ्य मन्त्रालयसँग यस नगरपालिकामा रहेका क्षयरोगका बिरामीहरुको खोजी गरी ५ वर्षभित्र TB free नगरपालिका घोषणा गर्न सहयोग माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.२६:** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.३ स्थित दमौली सेन्ट्रल पार्क पूर्वाधार निर्माण (ठेक्का नं २८/vyasmun/२०७८।०७९) को लागि नगरपालिका र श्री बेलु निर्माण सेवा व्यास २ दमौली तनहुँ बीच मिति २०७९।०१।१२ गते ठेक्का सम्झौता भएकोमा स्थानीय स्तरबाट निर्माण चरणमा डि.पि.आर. पुनरावलोकन गरी डिजाइन परिवर्तन गरेर मात्र पूर्वाधार निर्माण गर्नुपर्ने भनी माग भै आएकोले हालसम्म पनि निर्माण कार्य अगाडि बढाउन नसकिएको र ठेकेदार पक्षबाट सम्झौताको म्याद पटक पटक थप गर्दा समेत साइट उपलब्ध नभएकोले कार्यालयबाट आवश्यक निकास दिनुहुन भनी माग गरेको अवस्थामा हालसम्मको कामको मूल्यांकन गरी भुक्तानी दिनुपर्ने वा मोविलाइजेशन पेश्की असुल गर्नुपर्ने भएमा कार्यालयबाट एकिन गरी नियमानुसार भूक्तानी वा असुल गर्ने गरी ठेक्का प्रक्रिया रद्द गर्ने निर्णय गरियो ।